**कोरोना भाइरससम्बन्धि बागमती प्रदेशको अवस्था**

मकवानपुर । ०७७ वैशाख ३ गते

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पूर्वाधार तयारी अवस्थामा राख्न आग्रह गर्नुभएको छ । वैशाख ३ गते स्थानीय तहका प्रमुखहरूसँगको भिडियो कन्फ्रेसमार्फत कुरागर्दै मुख्यमन्त्री पौडेलले तयारीका लागि केन्द्र वा प्रदेश सरकारको छुट्टै बजेटको प्रतिक्षा गर्नु नपर्ने बताउनु भएको छ । मुख्यमन्त्री पौडेलले कोरोना विरुद्ध मापदण्ड अनुसार दुरी कायम गर्दै उत्पादनमा लाग्नुपर्ने बताउनु भयो । मुख्यमन्त्री पौडेलले चितवन, सिन्धुली, रसुवा, सिन्धुपाल्चाकका नगरपालिका तथा गाउँपालिकाका प्रमुखहरूसँग भिडियो कन्फेरेन्स मार्फत कुराकानी गर्नु भएको हो ।

'स्थानीय सरकारसँग भएको पैसा सरकारकै पैसा हो, त्यो खर्च गर्नुपर्छ, अहिले जे आवश्यकता हो त्यसमा खर्च गर्ने हो बाँकी काम बिस्तारै गर्दै जाने हो, यो महामारीबाट उम्कन सकियो भने अन्य काम हुँदै जान्छ' कुराकानीको क्रममा पौडेलले भन्नुभयो ।

मुख्यमन्त्री पौडेलले लकडाउनको अवधिमा किसानहरूलाई चाहिने मल, बीउ उपलब्ध गराउने बताउनु भएको छ । कोरोना विरुद्ध मापदण्ड अनुसार दुरी कायम गर्दै उत्पादनमा लाग्नुपर्ने बताउनुभयो । पौडेलले लकडाउनका कारण अफ्ठ्यारोमा परेका परिवारलाई राहत वितरण गर्ने काममा अनावश्यक प्रतिस्पर्धा देखिएको भन्दै त्यसले विकृति निम्त्याउन सक्ने तर्फ सचेत हुन अनुरोध गर्नुभयो ।

पौडेलले वैशाख २ गते पनि मकवानपुर, चितवन, सिन्धुली, धादिङ, दोलखा जिल्लाको नगरपालिका तथा गाउँपालिकाका प्रमुखहरूसँग भिडियोमा कुराकानी गर्नु भएको थियो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिले खाद्यान्न अभाव हुन नदिन भक्तपुरका लागि खाद्यान्न भण्डारण गर्ने निर्णय गरेको छ । भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको अध्यक्षतामा वैशाख ३ गते भएको छलफलले अति विपन्न नागरिकको लागि राहत वितरणको कार्य सम्बन्धित वडाहरूबाट एकद्धार प्रणालीबाट मात्र व्यवस्थापन गर्ने निर्णय भएको प्रजिअ पाण्डेले जानकारी दिनुभयो । खाद्यान्न भण्डारणको व्यवस्थापन नेपाली सेनालाई दिने, त्यसका लागि आवश्यक स्रोत साधन स्थानीयले तहले समेत उपलब्ध गराउने भएको छ ।

स्वास्थ्य कार्यालय भक्तपुरले जिल्लाको अस्पतालहरूको अनुगमन गरेको छ । अनुगमनमा लोकन्थलीमा सञ्चालित समिट अस्पताल बाहेक अरु सबै अस्पतालको अवस्था सन्तोषजनक रहेको पाइएको कार्यालयका प्रमुख कृष्ण मिजारले जानकारी दिनुभयो ।

भक्तपुर अस्पतालमा वैशाख ३ गते एक जना आइसोलेशनमा भर्ना भएको अस्पतालको सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । अहिलेसम्म भक्तपुरमा २ सय ७० जनाको नमूना सङ्कलन गरिएकोमा २ सय ६६ जनाको रिपोर्ट नेगेटिभ आएको र चारजनाको रिपोर्ट आउन बाँकी भएको उहाँले जानकारी दिनुभयो ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लामा वैशाख २ गतेसम्म २७ जनामा कारोनाको र्‍यापीड टेष्ट गरिएको छ । टेष्ट गरिएका सबैको रिपोर्ट नेगटिभ देखिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिनुभयो । जिल्लामा वैशाख १ गतेबाट र्‍यापीड टेष्टबाट कोरोना परीक्षण सुरु गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालय रामेछापले आवश्यकताको पहिचान गरेर मात्रै कोरोना भाइरस प्रभावितहरूलाई राहत वितरण गर्न स्थानीय सरकारलाई अनुरोध गरेको छ ।

जिल्ला प्रशासन कार्यालय रामेछाप वैशाख ३ गतेबाट ईपास सेवा सुरु गरेको छ । घरबाटै अनलाईन मार्फत फाराम भरी पास लिन सकिने सहायक प्रमुख जिल्ला अधिकारी राजुप्रसाद शर्माले जानकारी दिनुभयो । अनलाइनबाट प्राप्त निवेदनलाई हेरी आवश्यकताको आधारमा पास दिने र पास पाउनेको मोवाइलको म्यासेञ्जरमा पास पाएको सुचना जाने जिल्ला प्रशासनले जनाएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार र्‍यापीड टेष्टबाट कोरोना भाइरसको सङक्रमण देखिएपछि बिरामी बोक्न नमान्दा समस्या भएको छ ।

०७७ वैशाख २ गते ज्वालामूखी गाउँपालिका-३ का २७ वर्षीय युवकलाई र्‍यापीड टेष्टबाट कोरोना भाइरस पोजेटिभ भेटिएको थियो ।

सरकारी दुई ओटा समेत गरी चार ओटा एम्बुलेन्स भएको ज्वालामूखीमा कुनै पनि एम्बुलेन्सले कोरोना सङ्क्रमण भएको आशङ्का भएपछि बिरामी लैजान मानेनन् । एम्बुलेन्सले बिरामी बोक्न नमानेपछि बिरामी आफैं मोटसाइकल चलाएर जिल्ला अस्पताल पुग्नु भयो ।

बन्दाबन्दी (लकडाउन) को अवस्थामा धादिङ जिल्लामा खाद्यान्न प्रयाप्त रहेको उद्योग वाणिज्य सङ्घ धादिङले जनाएको छ ।

धादिङबेसीका १८ ओटा खाद्यान्न पसलमा १३ हजार ९ सय ५० बोरा चामल, १ हजार २ सय १० बोरा दाल, ३ हजार ९ सय ५० कार्टुन तेल, २ हजार ५ सय ८५ बोरा चिनी, २ हजार ७ सय ३० बोरा चिउरा, १ हजार २ सय बोरा गेडागुडी खाद्यान्न मौज्दात रहेको धादिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष रुद्रबहादुर खत्रीले जानकारी दिनुभयो ।

धादिङ जिल्लामा वैशाख ४ गतेदेखि १० गतेसम्म बाहिरी जिल्लाबाट हरियो तरकारी तथा फलफुल र खाद्यान्न ल्याउन प्रतिवन्ध गरिएको छ ।

कोरोना भाईरस सङ्क्रमण तथा रोकथामका लागि धादिङका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङको अध्यक्षतामा वैशाख ३ गते बसेको सीएमसी बैठकले ढुवानी तथा पसल सञ्चालनमा प्रतिबन्ध लगाएको हो ।

बैठकले १० गते सम्म जिल्लामा रहेका पसलहरू, बैंक तथा वित्तिय संस्थाहरू, इन्सुरेन्स कम्पनीहरू र यातयातमा पूर्ण रुपमा बन्द गर्ने निर्णय गरेको छ ।

औषधि पसलहरू भने भौतिक दुरी कायम गरि सुचारु गर्ने बैठकले निर्णय गरेको प्रमुख जिल्ला अधिकारी तामाङले जानाकारी दिनुभयो ।

धादिङको ज्वालामूखी गाउँपालिकामा कोरोना भाइरसको र्‍यापीड टेष्ट पोजेटिभ आएपछि यस किसिमको बन्देज लगाइएको हो । प्रशासनले ज्वामूखी गाउँपालिकामा आवतजावतमा समेत बन्द गराइएको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार दोलखाका सबै एम्बुलेन्सलाई हाई अर्लटमा राखिएको छ । कोरोना सङ्क्रमणको जोखिम बढ्दै गएको बेला दोलखामा २० ओटा एम्बुलेन्सलाई हाई अर्लटमा राखिएको हो । जिल्लामा रहेको २७ ओटा एम्बुलेन्स मध्ये सात ओटा बिग्रिएको अवस्थामा रहेकोले र बाँकी एम्बुलेन्सलाई जुनसुकै बेला प्रयोग गर्ने गरी तयारी अवस्थामा राखिएको स्वास्थ्य कार्यालयका प्रमुख विभुकुमार झा ले जानकारी दिनुभयो ।

दोलखा जिल्लामा प्राप्त भएको कोरानो भाईरस परीक्षण गरिने र्‍यापीड टेष्ट किड स्थानीय तहहरूमा पठाउन थालिएको छ । कोरोना भाईरस परीक्षणका लागि दोलखा जिल्लामा प्राप्त भएको ३ सय थान किड मध्य १ सय ४० थान किट स्थानीय तहमा पठाइएको हो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार जिल्ला प्रशासन कार्यालय सिन्धुलीले १५ गतेसम्मका लागि निशेधाज्ञा थप गरेको छ । सरकारले लकडाउन थप गरेपछि प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेले सूचना जारी गर्दै निशेधाज्ञा पनि थप गरेको जानकारी दिनु भएको हो ।

सिन्धुलीमा वैशाख ३ गते थप ३८ जनाको र्‍यापीड टेष्ट मार्फत कोरोना परीक्षण भएको स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ । कमलामाई नगरपालिकाका २५ जना, तिनपाटन गाउँपालिकाका २ जना र हरिहरपुरगढी गाउँपालिकाका ११ जनाको कोरोना जाँच गरिएको स्वास्थ्य कार्यालय प्रमुख जितेन्द्र कुमार शाहले बताए । उनका अनुसार सबैको रिपोर्ट नेगेटिभ आएको छ । हालसम्म सिन्धुलीमा १ सय २३ जनाको र्‍यापीड टेष्ट किट्स परीक्षण गरिसकिएको छ ।

जिल्ला सुरक्षा समितिको बैठकको निर्णयले वैशाख ३ गतेदेखि जिल्ला प्रवेश गर्ने मुख्य नाका विपी राजमार्ग अन्तर्गत कमलामाई ९ को चुरेमा १० जना शसस्त्र प्रहरीलाई खटाएको छ ।

सिन्धुलीको कोशेली डेरी उद्योगले स्वास्थ्यकर्मीको मनोबल बढाउन खिर खुवाउनका लागि सिन्धुली अस्पताललाई ४० लिटर दुध निःशुल्क प्रदान गरेको छ । कोरोना उपचारमा खटिएका सिन्धुली अस्पतालका स्वास्थ्यकर्मीलाई खिर खुवाउन उक्त दुध उपलब्ध गराईएको कोशेली डेरीका सञ्चालक नवराज गजुरेलले बताउनु भयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख ३ गते ४ सय ४३ जनालाई महानगरीय प्रहरी परिसरले कावारही स्वरुप कोरोना बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको छ ।

विदेशबाट आएर ललितपुर महानगरपालिका क्षेत्रभित्र बसोबास गर्दै आएका मध्ये वैशाख ३ गते ललितपुर महानगरपालिका-२४ धापाखेलमा ४८ र वडा-२१ बुंगमतीमा ९० जनामा ऱ्यापीड टेष्ट गरिएको छ । टेष्ट गरिएका सबैको नेगेटिभ रिपोर्ट आएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।

वैशाख ३ गते भर्ना भएका काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिकाको पेप्सीकोलास्थित सनसिटी अपार्टमेन्टमा बस्ने दुई जनामा कोरोना सङ्क्रमण पुष्टि भएका बिरामीको समेत उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार वैशाख ३ गते लकडाउन उल्लङघन गरेको आरोपमा ६७ ओटा सवारी नियन्त्रणमा लिएको छ ।

भरतपुर स्थित कोरोना विशेष अस्पतालबाट १ सय ६९ जनाको परीक्षण भएकामा सबैका रिर्पोट नेगेटिभ आएको छ । अस्पतालका सदस्य सूर्य तिवारीका अनुसार १ सय ७४ जना भर्ना भएकामा ५ जनाको भने रिर्पोट आउन बाँकी छ । आरडिटी मार्फत भएको परीक्षणमा चितवनमा एक पुरुषमा कोरोना भाइरस पोजेटिभ देखिएको छ ।

रत्ननगर नगरपालिका १४ स्थित गुञ्जमान सिंह अस्पतमाल ४७ वर्षीय पुरुषमा कोरोना पोजेटिभ भेटिएको रत्ननगर नगरपालिका स्वास्थ्य शाखा प्रमुख माधवप्रसाद पौडेलले जानकारी दिए । ती पुरुष फागुन ३० गते कोरियाबाट चितव घर आउनु भएको थियो । पिसिआर परीक्षणका लागि ३ गते नै भरतपुर स्थित कोरोना परीक्षण प्रयोगशाला पठाइसकिएको र रिपोर्ट आउन बाँकी रहेको अस्पतालले जनाएको छ ।

चितवनका स्थानीय तहहरू भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, राप्ती नगरपालिका, कालिका नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले आआफ्नो क्षेत्रमा राहत वितरणलाई तिव्रता दिएका छन् ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार नुवाकोटमा शुरु भएको ऱ्यापीड टेष्ट अन्तरगत वैशाख ३ गते गरिएको स्वास्थ्य परीक्षण्मा ३४ जनाको परीक्षण गरिएको छ । सबैको नतिजा नेगेभिट आएको छ । स्यागङ गाउँपालिकाका २३ जना र सूर्यगढी गाउँपालिकाका ११ जनामा ऱ्यापीड टेष्ट गरिएको सबैमा नेगेटिभ नतिजा आएको स्वास्थ्य कार्यालय नुवाकोटले जनाएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अहिलेसम्म नेपालमा पीसीआर र आरडीटी विधिबाट १५ हजार ८ सयमा कोरोना परीक्षण गरेको छ ।

नियमित पत्रकार सम्मेलनमा बोल्दै वैशाख ३ गते मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार पछिल्लो २४ घण्टामा २ हजार ८ सय ९४ जनामा कोरोना परीक्षण भएको छ । अहिलेसम्म सबै प्रदेशका अधिकांश जिल्लामा ऱ्यापीड किडबाट कोरोना परीक्षण भएको छ ।

पेप्सीकोला स्थित सनसिटी अपार्टमेन्टमा बसोबास गर्ने कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमित परिवारका तेस्रो सदस्यको रिपोर्ट नेगेटिभ आएको छ ।

गत वैशाख १ गते गरिएको ऱ्यापीड टेष्टमा तीनै जनामा एन्टीबडी पोजेटिभ पाएपछि पाटन अस्पताल भर्ना गरिएको थियो । उनीहरूमध्ये ८१ बर्षीया आमा र ५८ वर्षका छोरामा कोरोना सङ्क्रमण पाइएको ५२ वर्षकी बुहारीको पहिलो रिपोर्ट पोजेटिभ नआएपछि पुनः परीक्षण गरिएको थियो । त्यसको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. देवकोटाले जानकारी दिनुभयो ।

कागेश्वरी मनोहरा नगरपालिका पेप्सीकोला स्थित सनसिटी अपार्टमेन्टका दुई जनामा कोरोना सङ्क्रमिण पुष्टी भएपछि त्यहाँ ऱ्यापीड टेस्ट सुरू गरिएको छ । सनसिटी अपार्टमेन्टमा ऱ्यापीड टेष्टबाट गरिएको परीक्षणमा २ सय ९८ जनामध्ये सबैको रिपोर्ट नेगेटिभ आएको छ । नगरपालिकाका मेयर कृष्णहरी थापाका अनुसार अपार्टमेन्टको ए ब्लगमा बस्ने २ सय ४२ र ५६ जना कार्मचारी सहित २ सय ९८ जनाको ऱ्यापिट टेष्टको नजिता नेगेटिभ आएको हो ।

काठमाडौँ महानगरपालिकाका सम्पूर्ण पदाधिकारीको कोरोना र्‍यापीड टेष्ट गरिने भएको छ । वैशाख ३ गते वडा-५ का अध्यक्ष, पदाधिकारी सहित कर्मचारीको स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको महानगरपालिकाका प्रवक्ता इश्वरमान डंगोलले जानकारी दिनुभयो । महानगरपालिकाले महानगरका सम्पूर्ण पदाधिकारीको स्वास्थ्य परीक्षण गने तयारी गरेको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले लकडाउनलाई थप कडाइ गरेको छ । प्रशासनले वैशाख ३ गते सूचना जारी गर्दै आफ्नो परिवारका सदस्यको मृत्यु भएको अवस्था बाहेक अन्य प्रयोजनका लागि सवारी पास नदिने बिज्ञप्ति मार्फत जनाएको छ ।

महानगरपालिका क्षेत्रभित्र अब बिहान ४ बजेदेखि ५ घण्टामात्रै पसल खुल्ने भएको छ । लकडाउन उल्लङ्घनका घटना बढेपछि वडा-१० क्षेत्रका पसल बिहान ४ बजेदेखि ९ बजेसम्म ५ घण्टामात्रै खुल्ने भएको हो ।

कोरोना भाइरस नियन्त्रण, रोकथाम तथा उपचार कोषमा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले एक करोड रुपैयाँ सहयोग गरेको छ । प्राधिकरणका महानिर्देशक राजन पोखेलले एक करोड रुपैयाँको चेक उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखेललाई हस्तान्तरण गर्नुभएको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार संबिधानसभा सदस्य जनार्दन ढकालले कोरोना सङ्क्रमणपछि सरकारले घोषणा गरेको लकडाउनको कारण समस्यामा परेकाहरूको लागि राहत सहयोग गर्नु भएको छ । ढकालले खाद्यान्न तथा स्वास्थ्य सामग्री सहयोग गर्नु भएको हो ।

प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद व्यवस्थापन समितिका संयोजक अर्जुन भण्डारीलाई ढकालले चामल ४ सय बोरा, पीपीई १५ सेट, ह्याण्ड सेनिटाइजर १ सय ६९ बोत्तल सहयोग हस्तान्तरण गर्नु भएको थियो । त्यसैगरी नेकपा जिल्ला अध्यक्ष कर्न्याल लामाले सर्जिकल मास्क ९ हजार थान र पञ्जा २ हजार थान हस्तान्तरण गर्नुभयो ।

दैनिक ज्यालादारी, मजदुरी गरी गुजारा गर्नुपर्ने व्यक्ति तथा उहाँहरूको बालबालिका सहित परिवारप्रतिको मानवीय संवेदनशीलतालाई दृष्टिगत गरी उत्तरगया गाउँपालिकाले २०७६/१२/२५ गतेका दिन विपद व्यवस्थापन कोषमा हातेमालो गर्नको लागि आह्वान गरिएकोमा जागृति बाल तथा युवा सरोकार नेपाल र चिल्ड्रन अफ द वर्ड नेदरल्याण्ड (Children of the World Netherland) तर्फबाट संयुक्त रुपमा १ लाख ५० हजार रुपियाँ गाउँपालिकाको विपद व्यवस्थापन कोषलाई सहयोग गरेको छ ।

हालसम्म जिल्लाभर २ सय ६४ जनाको स्वास्थ्य परीक्षण गरिएको छ भने १ सय ४४ जनाको स्क्रिनिङ गरिएको छ । जिल्लाभर २१ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको नेगेटिभ नतिजा आएको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौंडा उपमहानगरपालिका-४ कर्रामा रहेको श्रमिक माध्यमिक विद्यालयमा स्थापना गरिएको आइसोलेशनमा वैशाख ३ गते दश जना राखिएको छ ।

कोरोना भाइरस (कोभिड १९) को शङ्का लागेका १० जनालाई आइसोलेशनमा राखिएको हो । बिशेषगरी विदेशबाट फर्किएका र उनीहरूको नजिक रहेकाहरूलाईं शङ्काको आधारमा आइसोलेशनमा राखिएको हो । उनीहरू दशै जनाको स्वाब परीक्षण लागि ल्याबमा पठाइएको आइसोलेशन इन्चार्ज भोला चौलागाईले जानकारी दिनुभयो ।

मकवानपुरमा लकडाउनको उल्लङ्घन गर्ने १ हजार ३ सय ४९ सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

लकडाउनको २३ औं दिनसम्म प्रहरीले १ हजार ३ सय ४९ ओटा सवारीकास साधन नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक सुजन पाठकले जानकारी दिनुभयो । यो अवधिमा सबै भन्दा बढी मोटरसाइकल, कार, अटो, मयुरी, ट्याक्टरलगायतका सवारीका साधन नियन्त्रणमा लिइएको हो ।

लकडाउनको उल्लङ्घन गर्दै सडकमा निस्कने ९५ जनालाई नियन्त्रणमा लिएर छाडिएको उहाँले बताउनु भयो । लकडाउनको समयमा सडकमा निस्केको भन्दै नियन्त्रणमा लिएर छाडिएको प्रहरीले जनाएको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार काभ्रेमा वैशाख २ गते र्‍यापीड टेष्टमा पोजेटिभ देखिएका दुई युवाको स्वाब परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । काभ्रेको बेथानचोक गाउँपालिका वडा नम्बर ५ का १ जना र मण्डनदेउपुर नगरपालिका वडा नम्बर ३ का १ जना युवाको बैशमख ३ गते स्वाब परीक्षण रिपोर्ट  नेगेटिभ आएको हो ।

धुलिखेल अस्पतालमा रामेछाप स्थायी ठेगाना भई हाल बनेपा नगरापालिकामा अस्थायी रुपमा बसोबास गर्ने २ जना र सनसिटी अपार्टमेन्टमा बस्ने धुलिखेल नगरपालिका वडा नम्बर ७ का एक जना युवाको पनि स्वाब परीक्षण भैरहेको स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख डाक्टर नरेन्द्र कुमार झाले जानकारी दिनुभयो ।

काभ्रे जिल्लामा अहिलेसम्म २ सय ६३ जनाको र्‍यापीड टेष्ट विधि मार्फत कोरोना भाइरसको परीक्षण गरिएको छ ।

काभ्रेको बेथानचोक गाउँपालिका-४ का स्थानीयले पैदलयात्रीलाई प्रवेश निषेध गरेका छन् । लक डाउनले गर्दा गाउँपालिको बाटो हुँदै डाँडापरी र तराईसम्म जाने पैदलयात्रीहरूको भीड बढेको भन्दै स्थानीयको सकियतामा बाटोमा बाँस तेस्याएर प्रवेश निषेध गरेको वडा अध्यक्ष खजेन्ची बहादुर लामाले बताउनु भयो ।

जिल्ला प्रशासन कार्यालय काभ्रेले पहिलो पटक जिल्ला प्रवेश गर्ने पैदल यात्रीलाई रोकेको छ । २०७७ वैशाख २ गते बसेको विपद व्यवस्थापन बैठकको निर्णय अनुसार पैदलयात्री रोकेको स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख डाक्टर नरेन्द्रकुमार झाले बताउनु भयो । काभ्रे प्रशासनले यस अघिका लकडाउनको समय कुनै पैदलयात्रीलाई रोकेको थिएन ।

वैशाख ३ गते प्रशासनले जिल्ल प्रवेश गर्ने साँगा भञ्ज्याङबाट प्रवेश निषेध गरिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले सुचना मार्फत काभ्रे जिल्ला प्रवेश निषेध गरेको जानकारी दिनु भएको छ ।

वैशाख ३ गते लकडाउन उल्लङ्घन गर्ने २१ ओटा मोटरसाइकल, चार ओटा स्कुटर र एक ओटा कार र बोलेरो गाडी दुई ओटा सवारी साधन कारवाहीमा परेका छन् ।

काभ्रेको रोशी गाउँपालिकाले आफ्नो स्थानीय तहभित्र कोरोना भाइरस रोकथामका थप कडाइ गर्ने र राहत वितरणमा फोटो नखिच्ने निर्णय गरेको छ । गाउँपालिकामा राहत वितरणको फोटो नखिच्न र तीन जनाभन्दा बढी भेला नहुन निर्देशन दिएको गाउँपालिकाका अध्यक्ष डीबी लामाले बताउनु भयो । लामाका अनुसार गाउँपालिकामा भीडभाड भएको देखिए तत्काल प्रहरीलाई खबर गर्न समेत आग्रह गर्नुभएको छ ।

**इन्सेक सिन्धुपाल्चो जिल्ला प्रतिनिधि नातिबाबु धितालका** अनुसार वैशाख ३ गते सिन्धुपाल्चोक जिल्लामा ३० जनाको र्‍यापीड टेष्ट गरिएको छ ।

विदेशबाट फर्किएका व्यक्तिहरूमा कोरोना भाइरस सङ्क्रमण भए नभएको परीक्षण गर्न वैशाख २ गतेबाट सुरू गरिएकोमा सिन्धुपाल्चोक जिल्लाका विभिन्न ठाउँका ३० जनाको र्‍यापीड टेष्ट गरिएको हो ।

परीक्षण गरिएकाहरूको नेगेटिभ रिर्पोट आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाईंले बताउनु भयो ।

स्थानीय युवाहरूको सक्रियतामा चौतारा बजारको आवागमनमा कडाइ गरिएको छ ।

सरकारले घोषणा गरेको लकडाउन कडाइका साथ पालना नगरेको भन्दै चौतारा बजारका स्थानीय युवाहरूको सक्रियतामा सदरमुकाम चौतारा बजारमा आवागमन रोक्न वैशाख ३ गते बिहान देखि बजारको दुई ठाउँमा फलामे तार तेर्स्याएर चौतारा बजारलाई शिल गरिएको छ ।

मेलम्ची बजारका स्थानीयहरूको सक्रियतामा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागी वैशाख ३ गते ५० हजारको कोष स्थापना भएको छ । मेलम्ची नगरपालिकाले छुट्टै कोष स्थापना गरेको भएपनि स्थानीयहरूको सक्रियतामा मेलम्ची बजारमा भएका बैंकहरू, सहकारीहरू तथा व्यक्तिगत रुपमा कोषको स्थापना गरी नगरपालिकालाई हस्तान्तरण गरेको मेलम्ची नपाका प्रमुख डम्बर अर्यालयले बताउनु भयो ।

तातोपानी नाकाबाट स्वास्थ्य सामाग्री आयात गर्ने सहमति, स्थानीयद्धारा बिरोध गरिएको छ ।

तातोपानी नाकाबाट स्वास्थ्य सामाग्री र खाद्यान्न नेपाल आयात गर्न चिनिया पक्ष र सिन्धुपाल्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गएको टोलीबीच वैशाख २ गते सहमति भएपनि संवेदनशिल अवस्थामा जनप्रतिनिधिलाई समावेश नगरी सहमति गरेको भन्दै तातोपानी बजारका स्थानीयहरू र जनप्रतिनिधिले वैशाख ३ गते तातोपानी भन्सार कार्यालय अगाडी धर्ना दिएर विरोध जनाएका छन् ।

इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा